मानवता ...

आश्रमले शुक्रबार पत्रकार सम्मेलन गरी सो जनाकारी गराएको हो। तिलोत्तमाको पश्चिम पहुनीमा रहेको मोक्षधाम सेवा आश्रमको परिसरमा बन्दै गरेको मावन सेवा आश्रमको स्थायी भवन निर्माण सम्पन्न गर्नका लागि महायज्ञ गर्न लागिएको आश्रमका परिवकल्पनाकार तथा अध्यक्ष रामजी अधिकारीले जानकारी गराए। २०७५ मा बुटवलमा घर भाडामा लिएर ११ औं शाखाको रूपमा मावन सेवा आश्रम सञ्चालन गरिएको थियो। त्यसयता रूपन्देहीमा १ हजार २५० जनाभन्दा बढी सहयोगापेक्षी वेसहारा सडक मानवको उद्धार गरिएको पनि उनले जानकारी गराए।

उक्त भवनमा सेवा सञ्चालन गरिए पनि भवन निर्माणले पूर्णता पाइसकेको छैन भने केही तिनुपर्ने ऋण पनि रहेकोले भवनको पूर्णता, तिर्नुपर्ने तिर्न र अक्षयकोषलाई वृद्धि गर्नको लागि आर्थिक संकलन गर्ने उद्देश्यले यो महायज्ञ गर्न लागिएको मानव सेवा आश्रमकी महासचिव रूपा केसीले बताइन्। उनका अनुसार उक्त भवनलाई पूर्णता दिनको लागि र ऋण चुक्ता गर्नको लागि करिब २ करोड रूपैँयाँ लाग्ने अनुमान गरिएको छ।

यो महायज्ञमा आश्रम निर्माण र अक्षयकोष वृद्धिका लागि ३ करोड योगदान रकम प्राप्त गर्ने अपेक्षा गरिएको आश्रमका अध्यक्ष रामजी अधिकारीले बताए। उनका अनुसार महायज्ञमा सरदर ३५ लाख रूपैँयाँ खर्च हुने अनुमान गरिएको छ। त्यस्तै मानव सेवा आश्रम केन्द्रको अक्षयकोषमा ६ करोड रूपैँयाँ र रूपन्देहीको अक्षयकोषमा ३५ लाख रूपैँयाँ रहेको पनि उनले जानकारी गराए।

त्यसरी आयोजना गरिएको महायज्ञमा भागवत भास्कर कमलनयन गौतमले कथा वाचन गर्नुहुनेछ भने महायज्ञमा प्रत्येक दिन बिहान ५ देखि ७ बजेसम्म योग शिविर र ८ देखि १० बजेसम्म मावनता प्रवर्द्धन कार्यक्रम गरिनेछ। त्यस्तै हरेक दिन ११ देखि ४ बजेसम्म कथा बाचन र त्यसपछि आरती, कलाकारहरूबाट भजनकिर्तन तथा नृत्य हुनेछ। त्यस्तै महायज्ञमा लक्ष्यवर्ती, धान्याञ्चल, तुलादान, ग्रहशान्ति, ८४ पुजा, जप, पाठ लगायतका कार्यहरू गरिने महायज्ञका संयोजक लोकनाथ भुसालले बताए।

त्यस अवसरमा तिलोत्तमा नगरपालिका वडा नं. ६ का अध्यक्ष गणेश पाठकले मावनता प्रवर्द्धनसँगै आश्रमको भवनलाई पूर्णता दिनका लागि आयोजना गरिएको महायज्ञमा सबैको साथ र गच्छेअनुसारको दान गरेर सहयोग गर्न आग्रह गरे।

सडक मानवको उद्धारसहित मानवता प्रवर्द्धनमा २०६९ देखि निरन्तर समर्पित मावन सेवा आश्रमले हालसम्म १० हजार ९६८ जना भन्दा बढी सहयोगापेक्षी बेसहारा सडक मानवको उद्धार गरिएको मावन सेवा आश्रमका परिवकल्पनाकार तथा अध्यक्ष रामजी अधिकारीले जानकारी गराए। उनका अनुसार त्यसको लागि सातवटै प्रदेश समेटिनेगरी २० जिल्लामा २६ वटा सेवाकेन्द्रबाट सेवा कार्य भइरहेको छ।

इन्डो–नेपाल ...

एकेडेमी प्रतियोगिताको उद्घाटन खेलमा नेपाल पुलिस क्लबसंग ३-१ मा पराजित भएको थियो र रुकुम मणिमुकुन्द भलिवल क्लबसँग ३-० को सोझो सेटमा पराजित भएको थियो। एकेडेमीले छनौट चरणको अन्तिम प्रतिष्पर्धा आइतबार मणिमुकुन्द भलिबल क्लबसँग गर्नेछ भने आफ् ना दुबै खेल गुमाएको रुकुमपश्चिमले सोमवार नेपाल पुलिस क्लबको सामना गर्ने छ। शनिबार ३ वटा खेलहरू हुने छन् जसमा पहिलो खेल शुक्रवार नभएको एपिएफ र गुजरात गुजरात प्रदेश भलिवल एशोसियसन, भारत, दोस्रो खेल मणिमुकुन्द भलिबल क्लब र नेपाल पुलिस क्लब तथा तेस्रो खेल त्रिभुवल आर्मी क्लब र गल्कोट भलिवल क्लबका बीच हुने छ।

पुस २४ गतेसम्म सञ्चालन भएको प्रतियोगितामा नेपाल र भारतका ८ टिमको सहभागीता रहेको छ। प्रतियोगिताको विजेताले सात लाख ५० हजार, उपविजेताले तीन लाख ५० हजार, तेस्रो हुने टोलीले एक लाख ७५ हजार र सान्त्वना हुने टोलीले एक लाख रूपैँयाँ पाउनेछन्। प्रतियोगिता आयोजना हुने बुटवल १० रामनगरस्थित कालिका मानव ज्ञान खेल मैदानमा ३ हजार दर्शक अट्ने अस्थायी प्याराफिट र कोर्ट निर्माण गरिएको छ।

दाङमा ...

थारु कल्याणकारी सभा दाङका सभापति अशोककुमार चौधरीको अध्यक्षता तथा मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमलाई उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्री प्रचण्ड विक्रम न्यौपाने, उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री सीता शर्मा चौधरी, घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरी, मतहवा महासंघका चन्द्रप्रकाश चौधरी, केन्द्रीय सल्लाहकार लक्ष्मी चौधरीलगायतले सम्बोधन गरेका थिए। थारु कल्याणकारिणी सभाले विभिन्न माग राख्दै १० बुँदे ज्ञापनपत्र मुख्यमन्त्री आचार्यलाई बुझाएको छ। थारु भाषालाई सरकारी कामकाजको भाषाको रूपमा प्रयोगमा ल्याउनुपर्ने, थारु समुदायको मतहवा परम्परा लाई कानूनी मान्यता दिनुपर्ने लगायतका माग समेटिएको छ।

लगातार ...

बिजेता खेलाडी तथा विद्यालयहरूलाई समापन कार्यक्रमका प्रमुख अतिथि बुटवल उपमहानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेय, उपप्रमुख सावित्रा देवी अर्याल, बुटवल उपमहानगरपालिका वडा नं. ५ का वडा अध्यक्ष हरिप्रसाद श्रेष्ठ, वडा नं. ६ का वडा अध्यक्ष लोकनाथ न्यौपाने, ४ का वडा अध्यक्ष नरिश्वर पौडेल, वडा नं. १५ का अध्यक्ष तथा उपमहानगरपालिकाका प्रवक्ता शिव राना, बुटवल नगर खेलकुद विकास समिति संयोजक बोनिन पिया लगायतले शिल्ड, मेडल, प्रमाणपत्र र नगद पुरस्कार वितरण गरेका थिए।

प्रतियोगितामा नगरभित्रका ५३ विद्यालयका एक हजार चार सय ७० विद्यार्थीले विभिन्न ५ वटा विधामा प्रतिस्पर्धा गरेको नगर खेलकुद विकास समितिका सहसंयोजक लालहरी पाण्डेयले जनाकारी दिए।

बुटवल नगर खेलकुद विकास समिति संयोजक बोनिन पियाले प्रतियोगिता आयोजना गर्न खट्ने तथा सहयोग गर्ने सबैलाई धन्यवाद दिँदै आभार व्यक्त गरेका थिए।

सालझण्डीमा उत्पादित दुध बिक्री नहुँदा किसान चिन्तित

बुटवल, १९ पुस (दैपस)- रूपन्देहीको सालझन्डी दुध उत्पादनको लागि उत्तम क्षेत्र मानिन्छ। त्यहा पछिल्लो समय किसानले उत्पादन गरेको दुध बिक्री गर्नको लागि सकस हुन थालेको छ। सैनामैना नगरपालिका सालझण्डीकी लिलादेवि ज्ञवाली निकै दुध बिक्री नभएपछि चिन्तित भएकी छन। दुध उत्पादनका लागि गरिएको लगानी पनि दुध बिक्री नहुँदा तिर्न कठिन भएको ज्ञवालीले बताइन्।

ज्ञवालीकै जस्तै सालझण्डी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडमा आबद्ध ४०९ जना किसानको गुनासो एकैप्रकृतिको रहेको छ।शुक्रबार सैनामैनाको वडा नं. १० मा रहेको सालझण्डी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले पत्रकार सम्मेलनको आयोजना गरी किसानहरूले भोग्नुपरेको समस्याका बिषयमा जानकारी गराएको हो।

भारतबाट आउने खुला दुधका कारण किसानहरूले उत्पादन गरेको दुध बिक्री नभएको र प्रशासनले सीमानाकामा चोरी तस्करीमा कडाई गर्न नसक्दा नेपाली किसानले उत्पादन गरेको दुधले बजार पाउन समस्या भएको गुनासो गरेका छन्।

नेपाल भारत खुला सिमाका कारण भारतबाट सस्तो दुध बुटवल लगायतका बजारमा आउँदा आफूहरूले उत्पादन गरेको दुध विक्री तथा बजारीकरणमा समस्या भएको किसानहरूको गुनासो छ।

सहकारीका अध्यक्ष तिलकराम घिमिरेले भारतबाट आउने सस्तो गुणस्तर नभएको दुध बजारमा आउँदा नेपाली दुध उत्पादक किसान मर्कामा परेको खुलासा गर्नु भयो। उहाँले लुम्बिनी प्रदेश सरकारले आर्थिक बर्ष २०७९/०८० देखि किसानले पाउने प्रतिलिटर दुई रूपैया अनुदान रकम समेत काटेको बताउँदै सैनामैना नगरपालिकाले समेत दिने अनुदान अत्यन्त कम भएको गुनासो गर्नुभयो।

उहाँले आफूहरूको सहकारीबाट दैनिक ४ हजार ५ सय लिटर दुध उत्पादन हुदै आएकोमा विक्रीमा समस्या आएकोले किसानबाट थप दुध किन्न नसकिएको बताउनुभयो।

त्यसैगरी कार्यक्रममा सहकारीका पूर्व अध्यक्ष टिकाराम पाण्डेले दुग्ध उत्पादक किसानको समस्या बर्षौंदेखि यथावत रहेको बताउँदै अहिलेसम्म कुनैपनि सरकारले सुनुवाई नगरेको गुनासो गर्नुभयो।

कार्यक्रममा सैनामैना नगरपालिका वडा नं ११ का वडा अध्यक्ष रामप्रसाद भुसालले नेपाल भारत खुला सिमाका कारण भारतीय दुध नेपाली बजारमा आउँदा नेपाली दुध उत्पादक किसानलाई समस्या परेको बताउनु भयो। उहाँले सैनामैना नगरपालिकाले किसानलाई उत्पादनका आधारमा दुधमा अनुदान दिएपनि त्यो प्रभावकारी नभएकोले आगामी दिनमा अनुदान बढाउन प्रयास गर्ने प्रतिवद्धता जनाउनु भयो। कार्यक्रममा किसानहरूको पहिचानका लागि किसान कार्ड लागु गर्न किसानहरूले माग गरेका छन।

L.B.F ईंट्टा चाहिएमा
तपाईंको शहर भैरहवा, बुटवलमा बलियो,
टिकाउ र भरपदौ L.B.F. मार्का ईंट्टा चाहिएमा
तु-सम्पर्क गर्नुहोला ।
सम्पर्क:
पडसरी-५, ढुटिपिपल, रूपन्देही
फोन : ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३
नोट : पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँचीका लागी ट्रकमा पठाउने व्यवस्था छ।

विद्यार्थीको 'फुड फेस्टिभल', अभिभावकले खाए

बुटवल, १९ पुस (दैपस)- बुटवल उपमहानरपालिका वडा नम्बर १० मा रहेको कालिका मानवज्ञान माविम फुड फेस्टिभल गरिएको छ।

विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले आफ्नो पाक कला प्रस्तुत गर्दै विभिन्न परिकार बनाएर अभिभावकहरूलाई खुवाएका हुन्। बुटवल १० कालिकानगरमा सेक्टर १ र रामनगरमा रहेको सेक्टर २ मा एकै दिन अर्धबार्षिक परीक्षाको परीक्षाफल प्रकाशनसँगै फुड फेष्टिभल आयोजना गरिएको संयोजक इबराज तिवारीले जानकारी दिए।

विद्यार्थीहरूले मेन्यु बनाएर विभिन्न स्टल निर्माण गरी परिकार बनाएका हुन। फ्रेन्च फ्राई, भेज पकौडा, चिकन रोष्ट, चिकन चिल्ली, मःम, खिर, अचार, प्याज पकौडा, हलुवा अचार, पनिर पकौडा, कफि, पर्पकन, सेलरोटी अचार, बटुक लगायतका परिकारहरू बनाएर प्रर्दशन तथा बिक्री गरेको खाना महोत्सव संयोजक तिवारीले जानकारी दिए।

खाना महोत्सवमा कक्षा ११ को होटल म्यानेजमेन्ट अध्यायन गर्दै गरेका विद्यार्थीहरूले समेत आफ्नो सीप र कौशल प्रस्तुत गरेका थिए। कक्षा ७ देखि कक्षा ११ सम्मका विद्यार्थीहरूको सहभागितामा खाना महोत्सव गरिएको विद्यालयका प्रधानाध्यापक दिनेश थापाले जानकारी दिए।

त्यस अवसरमा बाल कक्षा देखि कक्षा १० सम्मको दोस्रो त्रैमासिक परीक्षाको परीक्षाफल प्रकाशन समेत गरिएको विद्यालयका परीक्षा संयोजक युवराज कण्डेलले जानकारी दिए।

विद्यालयको सेक्टर २ रामनगरमा पनि नतिजा प्रकाशन सहित खाना महोत्सव भव्य रूपमा सम्पन्न गरिएको अतिरिक्त क्रियापकलाप संयोजक रेजिन केसीले जानकारी दिइन्। यसैगरी विद्यालयमा नेपाल नियमित रक्तदाता संघको समन्वयमा वृहत रक्तदान समेत गरिएको थियो। जसमा विद्यार्थीहरूले उत्साहपूर्वक रक्तदान कार्यक्रममा सहभागी भएका थिए।

प्रत्येक दिन आयूर्वेद चिकित्सक द्वारा उपचार तथा परामर्श
पायल्स, फिसर, फिस्टुला
क्षारसुत्र विधिद्वारा विशेष उपचार
डा. सन्तोष गौतम
बरिष्ठ आयुर्वेद चिकित्सक
२० वर्ष अनुभवी
डा. प्रिती ज्ञवाली
आयुर्वेद चिकित्सक
महिलाहरूका लागि दक्ष महिला डाक्टरद्धारा परिक्षण
दिशा गर्दा दुख्ने, रगत आउने, मासु पलाएको, घाउ भएको, पिप बग्ने, चिलाउने, कब्जियत एवम् सम्पूर्ण रोगको सफल उपचार तथा परामर्श
यौन तथा प्रजनन
यौन चाहना नहुने, उत्तेजना नहुने, यौन सन्तुष्टिमा कमि , सिघ्र स्खलन हुने, सेतो पानी बग्ने, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, यौन अंग चिलाउने, यौन अंगमा घाउ आउने आदि समस्याको गोपनियताको साथ सफल उपचार एवम् परामर्श
अन्य
ग्यास्ट्रिक, अल्सर, पथरी, पिनास, पिसाव पोल्ने, हात खुट्टा झमझमाउने, जोर्नी दुख्ने, बाथ, यूरिक एसिड, कब्जियत आदि रोगको सफल उपचार तथा परामर्श
माता मनकामना आरोग्य केन्द्र
राजमार्ग चौराह, बुटवल (चौराह चोक देखि १०० मि. उत्तर मेन रोड)
०७१-५३८९३, ९८४७३५२१२

सबैला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा

पोखरी ठेक्का बन्दोबस्त सम्बन्धी सिलबन्दी दर भाउपत्र आव्हानको १५ दिने सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८१/०९/१९ गते

यस सबैला नगरपालिकाको स्वामित्वमा रहेको तपसिलको पोखरीहरु बाट आन्तरिक आयसंकलन प्रयोजनार्थ सिलबन्दी दरभाउपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही मिति २०८१/१०/०४ गते दिनको १२:०० बजे भित्र धरौटी वापत कवुल अंकको १०% (दश प्रतिशत) रकम सबैला नगरपालिका स्थित **एन. आई. सी. एसिया बैंक**मा रहेको **धरौटी खाता नं. ग-३-०३१२०५००३९४५९००६** मा जम्मा गरी सोको सक्कलै बैंक भौचर सहित टिकट वापत रु १०।- को नोट संलग्न राखी सिलबन्दी दरभाउपत्र यस सबैला नगरकार्यपालिकाको कार्यालय सबैलामा दर्ता गराउनुहोला र सो सिलबन्दी दरभाउपत्रहरु सोही दिन अर्थात मिति २०८१/१०/०४ गते दिनको २:०० बजे खोलिने छ। दरभाउपत्र खोलिने बखत दरभाउपत्रदाता वा निजकोप्रतिनिधि उपस्थित रहनुपर्नेछ। उपस्थित नरहे पनि दरभाउपत्र खोलिने कार्य रोकिने छैन र पछि कसैको उजुरी नलागने व्यहोरा समेत सर्वसाधारणलाई जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

१. यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन २०८१/१०/३ गते भित्र रु १०००।- (एक हजार) नगद तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाटदरभाउपत्र फारम खरिद गर्न सकिने छ। दरभाउपत्र फारम खरिद गर्दा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि वा सक्कलै अनिवार्य रुपले दिनु पर्ने छ।
२. ठेक्का अवधि ठेक्का करारनामा गरी चलन पुर्जी लिएको मितिले जम्मा बर्ष ३ (तिन) को हुनेछ।
३. तल उल्लेखित पोखरीहरुको निम्न बमोजिमको न्युनतम मोलमा नघटाई दरभाउपत्र भर्नुपर्नेछ। नगरपालिकाको प्रस्तावित अंकभन्दा घटी भएमा दरभाउपत्र अस्वीकृत हुनेछ।

आय ठेक्का नं.	पोखरीको नाम	पोखरी रहेको स्थान	३ (तिन) वर्षको न्यूनतम मोल	ठेक्काको किसिम
१/०८१/०८२	सबैला डोम्वा पोखरी कार्यालय भवन वाला	सबैला न.पा. १, सबैला	६,००,०००।- छ लाख मात्र मु. अ. कर सहित।	पोखरी ठेक्का

४. सबैला नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित र छाप नलागेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
५. दरभाउपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ।
६. न.पा. को रकम कलम बाँकी रहेका व्यक्ति वा ठेकेदार तथा फर्मले न. पा. को रकम कलम चुक्ता नगरेमा निजको नाउमा ठेक्का स्वीकृत गरिने छैन्।
७. सबैला नगरपालिकाबाट प्राप्त निर्देशनलाई सम्बन्धित ठेकेदारले पूर्णरुपले पालन गर्नु पर्नेछ।
८. नेपाल सरकारलाई तिर्नुपर्ने कर ठेकेदार स्वयंले नै तिर्नु पर्नेछ।
९. तारिक मुकररका दिन अकस्मात विदा परेमा त्यसको भोलिपल्ट खोलिने छ।
१०. धरौटी वापत जम्मा गरेको रकम अन्तिम किस्तामा मिलान हुनेछ।
११. हालको अवस्थामा रहेका पोखरीहरुको आकार र स्वरुपमा न. पा. को स्वीकृती विना परिवर्तन गर्न पाइने छैन्।
१२. पोखरीको क्षेत्र भित्र विक्री गर्ने माछा, मासु., अण्डा, आदिबाट, निस्केको आन्द्रा भुडि, रौं आदि फोहर बस्तुहरु ठेकेदारले बाहिर फ्याक्नु पर्ने छ र सो काम नगरे सो बाट कुनै किसिमको माहामारी अथवा रोग लागेमा ठेकेदार स्वंय जिम्मेवार हुनेछ।
१३. नगरपालिकाले कुनै पनी अवस्थामा ठेक्का रकम मिन्हा र म्याद थप गर्ने छैन।
१४. किस्ताको हकमा बार्षिक किस्ता हुनेछ। ठेक्का वापत पहिलो किस्ता कुल ठेक्का रकमको ३० प्रतिशत रकम बुझाईएमा मात्र चलन पुर्जी दिइने छ, अर्को दोस्रो किस्ता ३० प्रतिशत रकम २०८१ आषाढ महिनाको २० गतेभित्र बुझाउनु पर्नेछ तथा अन्तिम किस्ता बाँकी ३० प्रतिशत रकम मिति २०८२ आषाढ महिनाको २० गते भित्र बुझाउनु पर्नेछ। नबुझाएको खण्डमा ठेक्का बदर गरी अर्को व्यवस्था भई जानेछ।
१५. ठेक्का सदर भएको ७ (सात) दिनभित्र पहिलो किस्ता बुझाई सकेपछी चलनपुर्जी दिईनेछ। सो म्याद भित्र चलनपुर्जी पट्टा नउठाएमा स्वतः ठेक्का बदर हुनेछ र सो वापत राखेको धरौटी जफत हुनेछ।
१६. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन।
१७. ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहने छ।
१८. यस सुचनामा उल्लेखित नभएका शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।
१९. यस सम्बन्धी अन्यकुरा जानकारी लिनुपर्ने भएमा यस नगर कार्यपालिकाको कार्यालय, सबैला, धनुषामा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्ने छ।
२०. किस्ता वापतको रकम श्री NIC ASIA BANK LTD. **खाता नं. ग.१.१ ०३१२०५००३९४५९००१** मा जम्मा गर्नु पर्ने छ। खाता वलाको नाम आन्तरिक राजश्व खाता सबैला नगरपालिका रहेको छ।

प्रमुख प्रशासकीय अधिकृत

सबैला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा

हाटबजार ठेक्का बन्दोबस्त सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको ३० दिने सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८१/०९/१९ गते

यस सबैला नगरपालिकाको स्वामित्वमा रहेको तपसिलको हाट बजारहरुको बट्टी असुल गर्नका निमित्त सिलबन्दी बोलपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नु पर्नु भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि मिति २०८१/१०/१९ गते दिनको १२:०० बजे भित्र धरौटी वापत कवुल अंकको १०% (दश प्रतिशत) रकम सबैला नगरपालिका स्थित **एन. आई. सी. एसिया बैंक**मा रहेको **धरौटी खाता नं. ग-३-०३१२०५००३९४५९००६** मा जम्मा गरी सोको सक्कलै बैंक भौचरसहित टिकट वापत रु १०।- को नोट संलग्न राखी सिलबन्दी दरभाउपत्र यस सबैला नगरकार्यपालिकाको कार्यालय सबैलामा दर्ता गराउनुहोला र सो सिलबन्दी बोलपत्रहरु सोही दिन अर्थात **मिति २०८१/१०/१९ गते दिनको २:०० बजे** खोलिने छ। दरभाउपत्र खोलिने बखत दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित रहनुपर्नेछ। उपस्थित नरहे पनि बोलपत्र खोलिने कार्य रोकिने छैन् र पछि कसैको उजुरी नलाग्ने व्यहोरा समेत सर्वसाधारणलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० (तिस) दिन २०८१/१०/१८ गते भित्र रु ३०००।- (तिन हजार) नगद तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिने छ। बोलपत्र फारम खरिद गर्दा नेपाली नागरिकता प्रमाण - पत्रको प्रतिलिपी वा सक्कलै अनिवार्य रुपले दिनु पर्ने छ।
२. ठेक्का अवधि ठेक्का करारनामा गरी चलन पुर्जी लिएको मितिले जम्मा वर्ष ३ (तिन) वर्षको हुनेछ।
३. तल उल्लेखित बजारको निम्न बमोजिमको न्युनतम मोलमा नघटाई बोलपत्र भर्नुपर्नेछ। नगरपालिकाको प्रस्तावित अंकभन्दा घटी भएमा बोलपत्र अस्वीकृत हुनेछ।

आय ठेक्का नं.	बजारको नाम	बजार रहेको स्थान	३ (तिन) वर्षको न्यूनतम मोल	ठेक्काको किसिम
१/०८१/०८२	सबैला बाखा हाटबजार	सबैला - ३, सबैला	३३,२७,०००।- तेत्तिस लाख सत्ताइस हजार मात्र) मु. अ. कर सहित	बजार ठेक्का

४. सबैला नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित र छाप नलागेका बोलपत्र उपर कुनै कारवाही हुनेछैन।
५. बोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ।
६. न.पा. को रकम कलम बाँकी रहेका व्यक्ति वा ठेकेदार तथा फर्मले न. पा. को रकम कलम चुक्ता नगरेमा निजको नाउमा ठेक्का स्वीकृत गरिने छैन।
७. सबैला नगरपालिकाबाट प्राप्त निर्देशनलाई सम्बन्धित ठेकेदारले पुर्णरुपले पालन गर्नु पर्नेछ।
८. नेपाल सरकारलाई तिर्नु पर्ने कर ठेकेदार स्वयंले नै तिर्नु पर्नेछ।
९. तारिक मुकररका दिन अकस्मात विदा परेमा त्यसको भोलिपल्ट खोलिने छ।
१०. धरौटी वापत जम्मा गरेको १० प्रतिशत रकम अन्तिम किस्तामा मिलान हुनेछ।
११. बट्टि रकम यस कार्यालयबाट तोकिएको दर-रेटमा लिनुपर्ने छ। साथै सो को रसिद दिनु पर्ने छ।
१२. उक्त बजार क्षेत्र भित्र सिर्जित फोहर मैलाहरु ठेकेदार स्वयंले सफागरी बाहिर फ्याक्नु पर्ने छ र सो काम नगरे सो बाट कुनै किसिमको माहामारी अथवा रोग लागेमा ठेकेदार स्वंय जिम्मेवार हुनेछ।
१३. नगरपालिकाले कुनै पनी अवस्थामा ठेक्का रकम मिन्हा र म्याद थप गर्ने छैन।
१४. किस्ताको हकमा वार्षिक किस्ता हुनेछ। ठेक्का वापत पहिलो किस्ता कुल ठेक्का रकमको ३० प्रतिशत रकम बुझाईएमा मात्र चलन पुर्जी दिइने छ। र बाँकी दुईवटा किस्ता ३०/३० प्रतिशत रकम क्रमश २०८२ आषाढ र २०८३ आषढ महिनाको २० गते भित्र अनिवार्य बुझाउनु पर्नेछ। नबुझाएको खण्डमा ठेक्का बदर गरी अर्को व्यवस्था भई जानेछ।
१५. ठेक्का सदर भएको ७ (सात) दिन भित्र पहिलो किस्ता बुझाई सके पछी मात्र चलन पुर्जी दिईनेछ। सो म्याद भित्र चलन पुर्जी पट्टा नउठाएमा स्वतः ठेक्का बदर हुनेछ र सो वापत राखेको धरौटी जफत हुनेछ।
१६. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन।
१७. ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहने छ।
१८. यस सुचनामा उल्लेखित नभएका शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।
१९. यस सम्बन्धी अन्यकुरा जानकारी लिनुपर्ने भएमा यस नगर कार्यपालिकाको कार्यालय, सबैला, धनुषामा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्ने छ।
२०. किस्ता वापतको रकम श्री NIC ASIA BANK LTD. **खाता नं. ग.१.१ ०३१२०५००३९४५९००१** मा जम्मा गर्नु पर्ने छ। खाता वलाको नाम आन्तरिक राजश्व खाता सबैला नगरपालिका रहेको छ। र साथै उक्त बजार परिषर भित्र रहेका सटर कटघेरा टहरा आदीमा गई बट्टि उठाउन पाउने छैन।

प्रमुख प्रशासकीय अधिकृत

ट्वाईलेट सफा गराउनुहोस्
सुपथ मुल्यमा नगरपालिका भित्र वा बाहिर काम गर्ने र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस् ।
पाल्पाली मगर सेनेटरी
बुटवल-१७, मोतिपुर
मो.: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

ट्वाइलेट सफा गराउनुहोस
हाम्रा सेवाहरु: तपाईंको घरको सिट, नाली जाम भएमा चिन्ता लिनु पर्दैन । सेनेटरी जगतमा बढी क्षमता, अत्याधुनिक प्रविधि, पावरफुल रोटर भ्याकुम पम्पद्वारा बिना बिजुली ट्वाइलेटको सेफ्टी वा रिङ्ग सफा गरिन्छ ।
प्रो. राजेश प्रसाद
राजेश सेनेटरी सेवा, भैरहवा
मो.: ९८०५४७८७५९, ९८०७५९२८८३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोला।
-लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी टंकीको रिङ्ग खाली गरिनेछ।
सुपथ मूल्यमा काम गर्ने र गराउने हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस् ।
सिताराम सफा सेनेटरी
भैरहवा
मो.: ९८६९७८९२७५, ९८००७६०६२२

ट्वाईलेट सफा गराउनुहोस्
सबैभन्दा बढी क्षमता भएको
■ लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ्ग खाली गरिनेछ।
■ ट्वाईलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ।
■ यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चल भरी दिइनेछ।
क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार
प्रो. रामशाह साहनी
बिशाल सेनेटरी
बर्मेली टोल-८, भैरहवा, मो.: 9847324755, 9804406297